# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण १३ गते ०९ साल


## भाग ३

### उद्योग विभागका सूचना

नेपाल कम्पनी कानूनको ९० क. दफाबमोजिम मैनेजिङ्ग डाइरेक्टर या एजेन्ट हुनेले कमसेकम आधिकृत मूल धनको सयकडा २५ पूरा चुक्ता किस्ता लिनै पर्छ भन्ने भएकोले सोबमोजिम गराउनालाई यस विभागबाट उचित म्याद दिई सूचनाहरू निक्लेको सबैलाई विदित छ। तर सोही कानूनको १ ग. दफा मुताविक अघि रजिष्टर भइराखेको र अब रजिष्टर हुने कम्पनीलाई समेत यहां कानून लागू हुनेछ भन्ने स्पष्टै लेखिए तापनि धेरै मैनेजिंग डाइरेक्टर र एजेन्टहरूले अनेक प्रकारका निराधार आपत्ति उठाई यस विभागबाट आखिरी भनेर तोकिएको म्याद भित्र पनि लिनु पर्ने शेयर नलिएको हुनाले सोबमोजिम शेयर नलिने तपसीलका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मैनेजिङ्ग डाइरेक्टर र एजेन्टहरू सबै नेपाल कम्पनी कानूनबमोजिम बरखास्त भएका हुनाले सम्बन्धित व्यक्तिहरूलाई बोध गराउने उद्देश्यले यो सूचना प्रकाशित भएको छ।

वास्तवमा मैनेजिंग एजेन्सीको प्रणाली कम्पनीहरूलाई आर्थिक सहायता दिने उद्देश्यले नै रहेको हो। सो आर्थिक सहायता दिन नसके मैनेजिङ्ग एजेन्सी पनि रहनु मुनासिब छैन। हाल धेरै कम्पनीको आर्थिक अवस्था ज्यादै शोचनीय भए तापनि मैनेजिङ्ग डाइरेक्टर वा एजेन्टले आफ्नो आर्थिक उत्तरदायित्व पूरा नगरेकोले परिस्थिति ज्यादै नाजुक भएको छ। कानूनबमोजिम उत्तरदायित्व पूरा गर्न नसक्ने मैनेजिङ्ग एजेन्ट वा डाइरेक्टरले नियम कानूनबमोजिम आफूले पाइआएको समस्त विशेष सुविधा, हक, इत्यादि पनि पाइरहन मुनासिब छैन भन्ने यस बिभागबाट निर्णय गरिएको छ।

यो सूचना निस्केको १५ दिन भित्रमा सम्बन्धित संचालक समितिहरूले आ-फ्नो आफ्नो कम्पनीको निमित्त असाधारण सभा बोलाई सो सभामा नेपाल कम्पनी कानूनबमोजिम लिनु पर्ने शेयर लिन नसकी खारेज हुने मैनेजिङ्ग डाइरेक्टर वा एजेन्टहरूका ठाउँमा सो कानूनबमोजिम चाहिने शेयर लिन सक्ने नयाँ मैनेजिङ्ग डाइरेक्टर वा एजेन्ट नियुक्त नि, वा मैनेजिङ्ग डाइरेक्टर वा एजेन्टको हैसियतले पाइरहेको समस्त विशेष सुविधा, हक, इत्यादिबाट बाँचित गरी हालैको मैनेजिङ्ग डाइरेक्टर वा एजेन्टलाई नै पाइरहेको तलवमा नबढ्ने गरी र कम्पनीको काम र परिस्थिति अनुसार मुनासिब तलव मात्र पाउने गरी मैनेजर मा नियुक्त गर्ने, वा त्यस पदमा अरू कसैलाई मुनासिब तलबमा नियुक्त गर्ने, यी कुराहरूमा सदस्यहरूको बहुमतबाट जे जस्तो ठहर्छ सोही बमोजिम गराउने काम भए बेस होला। तसर्थ यस सूचनाबमोजिम म्याद भित्रै संचालन समितिहरूले आफूले गर्नु पर्ने कारवाई पूरा गर्नु

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्छ, पछि समयमा सूचना पाइन, इत्यादि कुनै किसिमको उजुरीमा पनि यस विभागबाट ध्यान दिइने छैन।

सदस्यहरू र संचालक समितिहरूले विशेष रूपले ध्यान राख्नु पर्ने कुरा यो छ कि कानूनबमोजिम लिनु पर्ने शेयर नलिएका वा लिन नसक्ने व्यक्ति वा पार्टीहरूलाई सदस्यहरूको बहुमतले पनि थाम्न वा नियुक्त गर्नु गैर कानूनी कुरा हो। कुनै हालतमा पनि यस्ता व्यक्ति वा पार्टी मैनेजिंग डाइरेक्टर वा एजेन्टको पदमा बहाल रहिरहन सक्तैनन्।

तपसील

१ पद्म एन्ड गया कम्पनी,
मैनेजिङ्ग डाइरेक्टर, श्री बाला आयल एन्ड राइस इन्डष्ट्रिज लि.

२ श्री कोशी ट्रेडिङ कम्पनी,
मैनेजिङ्ग डाइरेक्टर, श्रीगणेश राइस एन्ड आयल मिल्स लि.

३ माणिकलाल नारायणबहादुर एन्ड कम्पनी,
मैनेजिङ्ग डाइरेक्टर, वीरगंज इलेक्ट्रिक सप्लाई करपोरेशन लि.

४ भूगंगा कम्पनी,
मैनेजिङ्ग डाइरेक्टर, श्रीअन्नपूर्ण राइस आयल दाल एन्ड फ्लोर मिल्स लि.

५ लक्ष्मीशंकरलाल एन्ड कम्पनी,
मैनेजिङ्ग डाइरेक्टर, मोरङ्ग आयल मिल्स लि.

६ रामविलास जयसवाल,
मैनेजिङ्ग डाइरेक्टर, श्रीकृष्ण राइस एन्ड फ्लोर मिल्स लि.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

७ ले. क. कटकबहादुर र डा. सत्यबहादुर जोशी,

मैनेजिङ्ग डाइरेक्टर, श्रीमहालक्ष्मी राइस आयल एन्ड फ्लोर मिल्स लि.

८ राजदेवी ट्रेडिङ कम्पनी,

मैनेजिङ्ग डाइरेक्टर, गौर राइस आयल एन्ड फ्लोर मिल्स लि.

९ आनन्दराज श्रेष्ठ

मैनेजिङ्ग डाइरेक्टर, नेपाल प्लाइउड एन्ड बबिन कम्पनी लि.

१० राई सुब्बा एन्ड कम्पनी,

मैनेजिङ्ग, एजेन्ट, नेपाल आयल मिल्स लि

११ तराई ट्रेडर्स

मैनेजिङ्ग, डाइरेक्टर, श्रीत्रिवेणी आयल एन्ड राइस इन्डष्ट्रिज लि.

१२ बलंगवा ट्रेडस,

मैनेजिङ्ग डाइरेक्टर, गोरखनाथ राइस एन्ड आयल मिल्स लि.

१३ श्रीमहाकाल ट्रेडिङ कम्पनी,

मैनेजिङ्ग डाइरेक्टर, बुटोल राइस दाल एन्ड फ्लोर मिल्स लि.

१४ श्रीलक्ष्मी कम्पनी,

मैनेजिङ्ग डाइरेक्टर, नेपाल माइका कम्पनी लि.

१५ ऐश्वर्यप्रसाद एन्ड कम्पनी,

मैनेजिङ्ग डाइरेक्टर, होमियो कम्पनी लि.

१६ ऐशनारायण सिंबानिया,

मैनेजिङ्ग डाइरेक्टर, नेपाल केमिकल एन्डष्ट्रिज लि.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७ नेपाल गोदावरी मार्वल एजेन्सी,
मैनेजिङ्ग डाइरेक्टर, गोदावरी मार्वल डियो लि.

१८ पन्नालाल अग्रवाला
मैनेजिङ्ग डाइरेक्टर, मोरङ्ग कटन मिल्स लि.

१९ नेपाल इन्वेष्टमेन्ट करपोरेशन
मैनेजिङ्ग डाइरेक्टर, नेपाल सिगरेट फैक्टरी लि.

२० कृष्णबहादुर चिपालु,
मैनेजिङ्ग एजेन्ट जुद्ध मैच फैक्टरी लि. बीरगंज

२१ आनन्दराज श्रेष्ठ,
मैनेजिङ्ग एजेन्ट, जुद्ध मैच फैक्टरी लि. बि.।टनगर

२२ दिग्विजयराज जोशी,
मैनेजिङ्ग डारेक्टर, नेपाल उडवर्क्स लि.

२३ राधाकृष्ण चमरिया
मैनेजिङ्ग डाइरेक्टर, मोरङ्ग सुगर मिल्स लि.

२४ नारायणलाल एन्ड को,
मैनेजिङ्ग डाइरेक्टर, नेपाल को-अपरेटिव मेडिकल सप्लायर्स लि.

२५ सुब्बा जितेन्द्रराज र कान्छीलाल,
मैनेजिङ्ग डाइरेक्टर, मोरङ्ग राइस फ्लोर र दाल मिल्स लि.

२६ सुब्बा कटकबहादुर प्रधान,
मैनेजिङ्ग डाइरेक्टर, श्री महावीर राइस एन्ड आयल मिल्स लि.

२७ रामेश्वरप्रसाद,
मैनेजिङ्ग डाइरेक्टर, नेपाल ट्रेडिङको लि.

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८ कविराज ' हरिप्रसाद ,
मैनेजिङ्ग डाइरेक्टर , श्री नेपाल धन्वन्तरि निकेतन लि.

२९ हर्षनाथ ब्रदर्स एन्ड कम्पनी ,
मैनेजिङ्ग डाइरेक्टर्स , श्री दाङ्कोल कम्पनी लिमिटेड

३० महालक्ष्मी ट्रेडिङ् कम्पनी ,
मैनेजिङ्ग डाइरेक्टर , श्री पश्चिम नेपाल सलाई कम्पनी लि.

३१ प्रभात व्यापार सदन ,
मैनेजिङ्ग डाइरेक्टर, हिमालय जूट प्रेस लि.

३२ श्री रामचन्द्र शर्मा
मैनेजिङ्ग डाइरेक्टर , हिमाल माइनर्स सिन्डिकेट लि.

३३ प्रधान कम्पनी ,
मैनेजिङ्ग डाइरेक्टर , प्रभात क्लथ डाइङ्ग एन्ड प्रिन्टिङ्ग फैक्टरी लि.

३४ गौरीनारायण गिरि एन्ड सन्स ,
मैनेजिङ्ग एजेन्टर्स , श्री रामटी एन्ड एग्रिकल्चर कम्पनी लि.

३५ पशुपतिनाथ ट्रेडिङ कम्पनी लि .
मैनेजिङ्ग एजेन्टर्स , विराट नगर जूट मिल्स लि.

३६ साहु सिद्धिदास एन्ड गिरिजालाल.
मैनेजिङ्ग डाइरेक्टर , नेपाल माल चलानी र बीमा कम्पनी लि.

गोरखापत्र छापाखानाबाट प्रकाशित

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।